मंगलसेन नगर कार्यपालिकाको २०७६/०३/०९ बैठकबाट पारित

# मंगलसेन नगरपालिकाको आ.व.२०७६/०७७ को नीति तथा कार्यक्रम

**मंगलसेन नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**मंगलसेन, अछाम**

**सुदुरपश्चिम प्रदेश नेपाल**

# मंगलसेन नगरपालिकाको तेश्रो नगरसभामा नगर प्रमुख श्री पदमबहादुर बोहराज्यूद्वारा प्रस्तुत
# वर्ष २०७६/०७७ को बार्षिक नीति तथा कार्यक्रम

पूर्व उपप्रधान तथा रक्षामन्त्री श्री भीम रावलज्यू,
राष्ट्रिय सभा सदस्य माननीय श्री शेर बहादुर कुँवरज्यू,
प्रतिनिधि सभा सदस्य माननीय श्री यज्ञ बहादुर बोगटीज्यू,
सुदुरपश्चिम प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराज्यू,
प्रदेश सभासदस्य माननीय श्री बल बहादुर सोडारीज्यू,
प्रदेश सभासदस्य माननीय श्री अक्कल रावलज्यू,
प्रदेश सभासदस्य माननीय श्री दुर्गा बि.क.ज्यू,
प्रदेश सभासदस्य माननीय श्री मिना साउदज्यू,
जिल्ला समन्वय समिति अछामका संयोजक श्री नर बहादुर कुँवरज्यू
जिल्ला समन्वय समिति अछामका उप-संयोजक श्री टोप बहादुर रावलज्यू
मंगलसेन नगरपालिका उप प्रमुख श्री सरिता उपाध्यायज्यू,
१ देखि १४ वडा सम्मका वडा अध्यक्षज्यूहरु,
नगरसभा सदस्यज्यूहरु, स्थानीय राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
कार्यालय प्रमुखज्यू, गै.स.स.का प्रमुख एवं प्रतिनिधिज्यूहरु, बुद्धिजिवी, समाजसेवी, शिक्षक, कर्मचारी, पत्रकार, सुरक्षाकर्मी, एवं सम्पूर्ण नगरवासी आमाबुवा, दाजुभाई तथा दिदिबहिनीहरु एवं प्रत्यक्ष सुनिरहनु भएका आदरणीय महानुभावज्यूहरु ।

सर्वप्रथम, यस गरिमामय नगरसभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरेर यहाँ उपस्थित हुनु भएका प्रमुख अतिथि, विशिष्ठ अतिथि, अतिथिज्यूहरु लगायत सम्पूर्ण नगरसभा सदस्यज्यूहरुमा मेरो व्यक्तिगत तर्फबाट तथा आयोजक तर्फबाट कृतज्ञता सहित हार्दिक स्वागत गर्दछु ।

यस महत्वपूर्ण घडीमा ईतिहासका विभिन्न कालखण्ड प्रजातान्त्रिक, गणतान्त्रिक आन्दोलनहरुमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात प्रातःस्मरणीय शहीदहरु प्रति श्रद्धासुमन अर्पण गर्दछु । साथै शहिद परिवारजनमा हार्दिक सम्मान प्रकट गर्दछु । त्यस्तै नगरको विकासमा सधैं हातेमालो गर्नुहुने आदरणीय नगरवासीहरु प्रति नतमस्तक हुँदै सुसंस्कृत, सुन्दर र समृद्ध नगरको विकासमा यहाँहरुको सहयोग र समर्थनका लागि हार्दिक आग्रह गर्दछु ।

नगरका हामी निर्वाचित जनप्रतिनिधिहरुले यहाँहरु आम नगरवासीका भावना र चाहना तथा भरोसालाई उच्च सम्मान गर्दै मंगलसेन नगरपालिकालाई सुन्दर, स्वच्छ, समृद्ध र नमूना नगर बनाउने अभियानमा मन वचन कर्मले सधैं कटिवद्ध रहेको प्रण गर्दछु ।

# “मंगलसेन नगर विकासको आधार, कृषि पर्यटन सहितको पूर्वाधार”

## १. पृष्ठभुमी :

सुदुरपश्चिम प्रदेश अर्न्तगत अछाम जिल्लाको केन्द्रबिन्दुमा रहेको मंगलसेन नगरपालिकाको आफ्नै ऐतिहासिक महत्व रहेको छ । नगर क्षेत्रमा समशीतोष्ण हावापानी पाईन्छ । घरधुरी संख्या ५४८१, नगर जनसंख्या महिला १८७२१ र पुरुष जनसंख्या १८७७५ गरि कुल जनसंख्या ३७४९६, क्षेत्रको कुल क्षेत्रफल २२०.१४ वर्ग कि.मि. र १७०.६६ जनघनत्व रहेको छ ।

साविक कुन्तीबण्डाली, जनालीबण्डाली, मंगलसेन, वलिगाउँ, जुपु, बान्नातोली, कालागाउँ र बस्ती मिली मंगलसेन नगरपालिका नामाकरण घोषणा गरिएको थियो । कर्णाली पश्चिम र बुढीगंगा पूर्वको क्षेत्रलाई तत्कालिन राज्यसत्ताले अछाम भन्ने गरेको देखिन्छ । सोह्रौं सताब्दीमा जुम्लाको सिञ्जाबाट सिजापती राजाहरुले अछाम आगमन पश्चात यस जिल्लामा बाईसे चौबिसे राजाहरु अस्तित्वमा आएका देखिन्छन् । अछाम राज्यको राजधानी रहेको सिञ्जा महाराजको पालामा यसलाई नौबिस नामबाट संबोधन गर्ने गरिन्थ्यो । नौखुवा अछाममा नौबिसले एक खुवाको प्रतिनिधित्व गर्दथ्यो । बि.स. १८४७ मा गोर्खाली सरदार अमर सिं थापा, जगतजित पाण्डे, दलन शाहीले अछाम जिल्ला कब्जा गरेपछि नौबिस मौजाका रुपमा बिकास भई मोतिपुरको बिस्थापन पछि मंगलसेनलाई १८ औं शताब्दी तिर मना ग्रामीण (मना गाउँ) भनेर चिनिन्थ्यो । १८४९ मा तालुकदारी (मुखिया) प्रथा पश्चात कैलाशखोला देखि दक्षिण भैसोलेको पानी (जनालीबण्डाली) को सिमाना देखि उत्तर छुचुन्द्रे खोला पूर्व र तापरिवा पश्चिमलाई नौबिस (९ वटा २०) घरदैलाको संख्याका आधारमा नौबिस ग्रामीण पन्चायत हुँदै १९३५ देखि १९४१ मा मंगलसेन दरबार निर्माण भई अमालको व्यवस्था गरियो र त्यहि बाट अछाम जिल्लाको प्रशासनिक कार्य हुदै गएको थियो ।

२००७ सालको परिवर्तन पछि २०१३ सालमा राजा महेन्द्रको डोटी सवारीका बेला अछामका अगुवा नेताहरुले सवारीमा अछाममा माल कार्यालय चाहियो भनी आन्दोलन गरे बाफत प्रहरी हस्तक्षेपमा थुप्रै नेता घाईते भएपछि आन्दोलनको भावना महसुस भई २०१४ सालमा अछाम मंगलसेन मै माल कार्यालयको स्थापना भएको देखिन्छ । २०१७ सालको राजाको निरङकुस साशन लागुपछि २०१८ सालमा नौबिस ग्राम पंचायत भई २०१९ सालमा मंगलसेन गाउँ पंचायतको नामबाट नामकरण भई, २०७१ साल बैशाख २५ गते मंगलसेन नगरपालिका घोषणा गरे पश्चात भएको मंगलसेन गा.बि.स. नजिक रहेका साबिक गा.बि.स.हरु जनालीबण्डाली, कुन्तिबण्डाली, वलिगांउ र जुपु मिलेर बनेको मंगलसेन नगरपालिकामा तथा २०७२ फाल्गुन २७ गते बान्नातोली, कालागाउँ र बस्ती समेटेर मंगलसेन नगरपालिकाको घोषणा भएको हो । २०७४ साल श्रावण गते प्रथम नगरसभा र दास्रो नगर सभा मिति २०७५ साल आषाढ १० गते सु सम्पन्न गरिएको साथै कार्यपालिकाका हाल सम्म २४ औ बैठक सु सम्पन्न गरि आज तेस्रो नगरसभामा आई पुगेका छौ ।

## २. भौगोलिक स्थिती र सिमाना :

मंगलसेन नगरपालिका २९°७′४८″ उत्तरी अक्षांस र ८१°′१२.३६″ पूर्वी देशान्तरमा फैलिएको छ । समुन्द्री सतहको न्यूनतम ५४० मिटरको उचाई देखि अधिकतम ३३०० मिटरसम्मको उचाईमा रहेको यस नगरपालिकाको कार्यालय १३६२ मिटरको उचाईमा रहेको छ । मंगलसेन नगरपालीकाको सिमाना पूर्वमा रामारोशन गाउँपालिका र कमलबजार नगरपालिका, पश्चिममा डोटी जिल्लाको बोगटान गाउपालिका, उत्तरमा साँफेबगर नगरपालिका, बान्नीगढी जयगढ गाउपालिका र चौरपाटी गाउँपालिका तथा दक्षिणमा कमलबजार नगरपालिका र ढकारी गाउँपालिका छन् ।

**उपस्थित महानुभावज्यूहरु !**

यस नगरको आगामी आ.व. २०७६।०७७ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मलाई अपार हर्ष महशुस भईरहेको छ । यो घडीमा म नगरको कुशल नेतृत्व गरीसक्नु भएका पूर्ववर्ति नेतृत्व प्रति सम्मान व्यक्त गर्दछु । त्यस्तै नगरपालिकाको विकासमा सधैं हातेमालो गर्नुहुने आदरणीय नगरवासीहरु प्रति नतमस्तक हुँदै सुसंस्कृत, सुन्दर र समृद्ध नगरपालिकाको विकासमा यहाँहरुको सहयोग र समर्थनका लागि हार्दिक आग्रह गर्दछु ।

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यप्रणाली स्थापना पछि नगरपालिकाका हामी निर्वाचित जनप्रतिनिधिहरुले गत बर्ष झै तपाईहरु आम नगरवासीका भावना र चाहना तथा भरोसालाई उच्च सम्मान गर्दै नगरपालिकालाई सुन्दर, स्वच्छ र समृद्ध बनाउने अभियानमा मन वचन कर्मले सधैं कटिवद्ध रहने पुनः प्रण दोहोऱ्याउँदछौं ।

**उपस्थित महानुभावज्यूहरु,**

नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को स्थानीय तहले बार्षिक नगर विकास योजना तर्जूमा गर्दा अवलम्वन गर्ने प्रक्रिया पुरा गरी आएका नगरवासीहरुका मागहरुलाई नगरपालिकाको स्रोत र साधनले भ्याए सम्म यथासम्भव समेट्ने प्रयत्नका लागि नगरपालिकामा कटिबद्ध भई माग सम्बोधन तर्फ लागि रहने प्रतिबद्ध रही रहने प्रयास गरेका छौं । नगरपालिका संचालनको तेश्रो बर्षमा गर्दागर्दै हामीले अनुभव गरेका अनेकौं समस्याहरुको अझै पनि निराकरण गर्न नसकिएको अवस्था रहेको छ । कार्यालयको दैनीक काम कारवाही संचालन गर्न सेवाग्राहीमैत्री भवन र पर्याप्त कर्मचारी नहुँदा अन्त्यन्तै समस्या भएको छ । एउटै साँघुरो कोठामा ३-४ जना सम्म कर्मचारी बसेर काम गर्नुपर्ने अवस्था रहेको छ । एउटै छानामुनी रहेर सेवा प्रवाह गर्नुपर्ने विभिन्न बिषयगत शाखाहरु अन्यत्रै रही सेवा प्रवाह गर्नुपर्ने भएको छ । मदिरा व्यवस्थापन र कृषि तथा पशुजन्य बस्तुको विक्रि वितरणलाई व्यवस्थापन गर्नमा कठिनाई भैरहेको छ । नगरभित्र रहेका करदाताहरुको उपयुक्त पहिचान हुन नसक्दा कर छली गर्ने प्रवृत्ति बढेको छ ।

यद्यपी वडावासीहरुको हित र सुविधाका लागि शहरी सुशासन, सामाजिक विकास एवं पूर्वाधार निर्माण तथा श्रोत परिचालन सम्बन्धमा केहि अनुभूतियोग्य कार्य गर्ने प्रयास गरिएको छ । नगरले आफ्नो दैनिक प्रशासनिक एवं विकास निर्माणका कार्यहरुलाई अझ थप चुस्त दुरुस्त बनाउन तथा सम्पादन गरिएका नियमित सेवा तथा विकास कार्यहरुमा वडावासी प्रतिको जवाफदेहितामा बृद्धि गर्न सरोकारवालाहरुको जिज्ञासा, सुझाव र प्रतिक्रियाका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक समिक्षा गर्ने कार्यहरु संचालन गरिनेछ भने सञ्चालित योजनामा उपभोक्ता समितिको सरोकारवाला जनता प्रतिको जवाफदेहीतामा वृद्धि गर्न सामाजिक परीक्षणलाई अझै प्रभावकारी बनाईने छ । साथै नगर क्षेत्रमा संचालन गरिने कार्यक्रम तथा योजनाको प्रभावकारी रुपमा अनुगमन गरिने छ ।

यी समस्याहरुलाई चिर्दै आगामी आ.व. देखि उल्लेखित समस्याहरुको सम्बोधन गर्ने गरी कार्य संचालन गर्नका लागि नेपालको संविधानको भाग ४ मा उल्लेखित राजश्वका निर्देशित सिद्धान्त तथा नीतिहरु, धारा ५९ को आथिृक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली, अनुसूची ८ मा व्यवस्था गरिएका स्थानीय तहका एकल अधिकार र अनुसूची ९ बमोजिमको संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचि , स्थानीय सरकार संचालन ऐन २०७४, राजश्व परामर्श समितिको प्रतिवेदन, स्रोत तथा बजेट सीमा निर्धारण समितिको स्रोत अनुमान र सहभागीतामूलक योजना तर्जुमाका ७ वटै चरणहरु अन्तरगतका प्रक्रिया पुरा गरी स्थानीय तहको योजना तर्जूमा सम्बन्धी दिग्दर्शन, २०७४, बस्ती एबं वडास्तरमा योजना तर्जुमा प्रक्रिया, स्थानीय तहको बार्षिक योजना र बजेट तर्जुमा अबलबन गरि संघिय र प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशनलाई पूर्णतः पालन गर्दै योजना तर्जुमा गरिएको छ । यसका

साथै वडा समितिहरु, बिषयगत समिति, टोल विकास संस्था, युवाक्लब, बालक्लब, लक्षित वर्ग लगायतको भेला, र जनप्रतिनिधिहरुको घनिभूत छलफलका आधारमा निम्न नीति तथा कार्यक्रम पेश गरेको छु ।

**बार्षिक नीति तथा कार्यक्रम तयार गर्दा लिईएका आधारहरु :**

- नेपालको संविधान, २०७२ बमोजिम स्थानीय तहका अधिकारहरु, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु,
- संघिय र प्रदेश सरकारले अंगिकार गरेका आर्थिक तथा वितिय नीतिहरु,
- स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था,
- बस्ती तथा टोल भेला, सरोकारवाहरुसँगको छलफलबाट प्राप्त सुझावहरु,
- सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझावहरु,
- मंगलसेन नगरपालिकाको स्थानीय तहको विभिन्न किसिमको ऐन, नियम, दिग्दर्शन तथा नियमावली, र कार्यबिधि २०७४
- नगरकार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु,

**सभासद् ज्यूहरु,**

मंगलसेन नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम,२०७६ निम्न बमोजिम रहेको छ ।

## पृष्ठभुमी

**“मंगलसेन नगर विकासको आधार कृषि, पर्यटन सहितको पूर्वाधार”** भन्ने मुल नारालाइ साकार पार्न मंगलसेन नगरपालिकाले आर्थिक बर्ष २०७६/०७७ मा जनताका आधारभुत आवश्यक्ता परिपुर्ति क्रमश: गर्दै लैजाने निती अनूरुप देहाय अनुसारको क्षेत्रगत र समिष्टगत बार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

### (१) आर्थिक विकास

#### (१.१) कृषि

१) कृषि पेशालाई सम्मानीत पेशाका रुपमा विकास गर्न मेयर उत्कृष्ठ किसान सम्मान कार्यक्रम गरिनेछ ।

२) व्यवसायिक कृषि उत्पादनलाई प्रवर्द्धन गर्दै उत्पादित कृषि तथा पशुजन्य उत्पादनलाई उचित रुपमा व्यवस्थापनका लागि कृषि हाटबजारमा संकलन केन्द्र स्थापन गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

३) सामुहिक तथा सहकारी खेतीलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

४) कृषि र पशु पालनको क्षेत्रमा नमुनाको रुपमा काम गर्ने कृषकलाई प्रोत्साहन स्वरुप पुरस्कार र सम्मान र सहयोग गर्ने नीति लिईनेछ।

५) मंगलसेन नगरका हेरक टोलटोलमा कृषि उत्पादन बृद्धि गर्न विषेश कार्यक्रम संचालन र बजारीकरणको नीति अवलम्बन गरिनेछ ।

६) पशुपालन कार्यक्रम अन्तर्गत भैसी पाल्ने कृषकलाई प्रोत्साहनको लागि भैसी सुत्केरी भत्ताको व्यवस्था एबम् पशु स्याहार व्यवस्था गिरने छ ।

७) कृषि तथा पशुजन्य उत्पादन प्रवर्द्धन गर्नका लागि **एक वडा एक उत्पादन/पहिचान कार्यक्रम**लाई प्रोत्साहन गरी लागु गरिनेछ ।

८) "शुन्य बाँझो खेतीयोग्य जमिन मंगलसेन नपाको स्वाभिमान" क्रमश: संचालन गरि बाँझो जग्गा राख्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ।

९) **"किसानको मुहारमा मुस्कान, आधुनिकीकरण र प्रविधिकरणको अभियान"** अन्तर्गत आधुनिक प्रविधियुक्त कृषि कार्यक्रमलाई प्रोत्साहित गरिनेछ, पशुपन्छी र कृषिमा आत्मनिर्भर हुने खालका कार्यक्रमलाई प्राथमिकता दिईनेछ।

१०) बाली तथा पशु बिमा र कृषि कर्जा सहजीकरणका लागि आवश्यक समन्वय तथा सहयोग गरिनेछ ।

११) व्यवसायिक पशुपालनको लागि व्यवसायी फर्म सुदृढीकरण गर्न आवश्यक पर्ने अनुदान सहयोग उपलब्ध गराईनेछ । नगरपालिकामा आफ्नो फर्म दर्ता तथा अभिलेखीकरण गर्ने कार्यलाई व्यवस्थित गरिनेछ ।

१२) खाद्य शिक्षा कार्यक्रम स्थानीय बालीहरुको उत्पादनमा प्राथमिकता दिईनेछ (जस्तो कोदो, फाँपर, कागुनु, आलु पिडालु आदि)

१३) युवालाई कृषि जन्य एवं पशुजन्य क्षेत्रमा स्वरोजगारमुलक कार्यक्रम तथा व्यवसायका लागि विउपूँजी घुम्ती कोषको स्थापना गरी लगानी गरिनेछ ।

१४) समाजमा रहेको पुरातनबादी चिन्तन र निर्वाह मुखी कृषी ब्यबसायलाइ परिवर्तनकारी सकारात्मक सोच र ब्यबहारमा रुपान्तरण गर्न कार्यक्रम सचालन गरिने छ ।

१५) कृर्षी तथा पशु जन्य हाट बजारका स्तराउनती गरी सकलन केन्दंका रुपमा बिकास गरिने छ ।

१६) लोपोन्मुख अछामी गाईको संरक्षण र सम्बर्द्धनका सहयोगको व्यवस्था मिलाईनेछ ।

१७) सिंचित क्षेत्रको विस्तार गर्न सहकारी खेती साना सिचाई र पोखरी निर्माण कार्यक्रम संचालन गरिनेछ ।

१८) रसायनिक मलको निरुस्ताहित गरी कम्पोष्ट मलको व्यवस्थापन गरिनेछ ।

१९) उत्पादन वृद्धि गर्नका लागि नश्ल सुधार कार्यक्रम संचालन गरिनेछ ।

२०) कृषि उत्पादन बृद्धि गर्नका लागि उन्नत बिउँ विजन र फलफुल खेतीको विस्तार गरिनेछ ।

२१)सुन्तला र आलुको भण्डारणका लागि रप्टिक स्टोर र सेलार स्टोर निर्माण कार्यक्रम संचालन गरिनेछ ।
२२) सफा स्वच्छ र ताजा मासुको बधशाला निर्माण गरिने व्यवस्था मिलाईनेछ ।

**(१.२) उद्‌योग तथा बाणिज्य**

१- घरेलु तथा साना उद्‌योग विकास र प्रवर्द्धनमा जोड दिई "युवाको लक्ष्य, सीप र दक्ष" भन्ने अभियानलाई प्रोत्साहित गर्नका लागी विभिन्न तालिम कार्यक्रम संचालन गरिनेछ ।
२- नगरपालिका क्षेत्रभित्र जडिबुटि सम्भावनाको खोजी गरि जडिबुटि खेतिको विकास गरी प्रशोधन केन्द्रको स्थापनाका लागि सम्वन्धित निकायसँग समन्वय गरीनेछ ।
३- घरेलु तथा साना उद्‌योगको क्षेत्रमा प्रत्येक वडामा उत्पादन हुन सक्ने वस्तु तथा सेवाको सम्भाव्यता अध्ययन गरी एक वडा एक उत्पादन/पहिचानको नीति लिईनेछ ।
४- व्यापारिक फर्म, उद्‌योग तथा वाणिज्य फर्म दर्ता, अनुमती, नवीकरण तथा खारेजीको सहज व्यवस्था मिलाईनेछ ।
५- परम्परागत तथा व्यवसायिक सिपमूलक घरेलु उत्पादनलाई प्रवर्द्धन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
६- स्थानीय कच्चा पदार्थमा आधारित उद्‌योग स्थापना गर्न प्रोत्साहन गरिनेछ।
७- नगर क्षेत्रका उद्‌योग तथा व्यवसायहरुलाई करको दायरमा ल्याईनेछ ।

**(१.३) पर्यटन**

१- पर्यटन क्षेत्र प्रवर्द्धनको लागि ऐतिहासिक, धार्मिक, साँस्कृतिक, प्राकृतिक आदि विभिन्न क्षेत्रलाई समेटी बृहत पर्यटकीय गुरुयोजना निर्माण गरिनेछ ।
२- आन्तरीक र बाह्‍य पर्यटक भित्र्याउन नगरक्षेत्रका पर्यटकीय सम्भाव्य स्थलहरुको थप पहिचान, संरक्षण र विकास गरी **"चित्रे दोभान, सुरङकोट, मालिका, जाजरकोट, धुरेला, जेरेकोट, अयारको बण्ड, कोकिलादेवी, कैलाश मठ आदिलाइ " धार्मिक तथा पर्यटकिय क्षेत्रको रुपमा विकास** गरिनेछ ।
३- मंगलसेन सहित अन्य पर्यटकीय स्थानको पूर्वाधार निर्माण गरी प्राचिन सँस्कृतिको अध्ययन केन्द्र, मनोरञ्जनात्मक वातावरणको विकास गरिनेछ।
४- पर्यटन उद्‌योगलाई व्यवसायिक रुपमा विकास गरी त्यसलाई टेवा पुगाउने खालका कार्यक्रम संचालन गरिनेछन ।
५- मंगलसेनको मुटुमा रहेका एतिहासिक मंगलसेन दरबारलाई यथासिघ्र पुर्ननिमाण सम्पन्न गर्न सम्बन्धित निकायमा पहल गरी संग्राहलयको रुपमा बिकास गरिनेछ ।

**(१.४) सहकारी**

१- महिला, गरिब, भिन्न क्षमता भएका व्यक्ति, भूमीहिन तथा पिछडीएको वर्ग र श्रमिकको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पद्‌धतीको व्यवसायमा पहुँच बढाईनेछ ।
२- नगरक्षेत्रभित्र संचालनमा रहेका सहकारीहरुलाई मंगलसेन नगरपालिकाको सहकारी ऐन अनुसार संचालन गर्न नीति तर्जुमा गरी नियमन गरिनेछ।
३- युवाहरुलाई स्वदेशमै काम गर्ने वातावरण सिर्जना गर्न मेयर स्वरोजगार कार्यक्रम संचालन गरिनेछ ।
४- सहकारीको बचतकर्ताको बचतको सुरक्षाको प्रत्याभूती गर्न आवश्यक व्यवस्था गरिनेछ ।
५- नीजि क्षेत्र, सहकारी क्षेत्र, सार्वजनिक क्षेत्र विच सहकार्यको आधारमा विकासका कार्यक्रमहरु संचालन गरिनेछन ।

**(१.५) बित्तीय**

1. गरिबी निवारण कोषद्‌वार प्रवद्धित सामुदायिक संस्था तथा साना पूर्वाधार विकास आयोजनाको प्रभावकारी अनुगमन गरी व्यवस्थित रुपमा संचालन गरिनेछ ।
2. बैक तथा वित्तीय संस्थाहरुलाई आर्थिक समृद्‌धिको क्षेत्र तथा युवा स्वरोजारमुलक कार्यमा लगानीमैत्री वातावरणको सिर्जना गरिनेछ ।

## (२) सामाजिक विकास

**(२.१) शिक्षा**

१- नगरपालिका भित्र रहेका संस्थागत विद्यालयहरुसँग आवश्यक समन्वय गरी गरिब, जेहेन्दार, पिछडीएका वर्ग, विपन्न, दलित, अपाङ्गता भएका विद्यार्थीहरुलाई छात्रवृत्ती तथा पोशाक र स्टेशनरीको व्यवस्था मिलाईनेछ ।

२- विद्यालयहरुको अनुमती, नियमन र अनुगमन तथा मूल्यांकन प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

३- मौजुदा विद्यालयहरुलाई प्राविधिक शिक्षा संचालन गर्नका लागि प्रोत्साहन गरिने तथा प्राविधिक शिक्षा स्थापना र संचालनका लागि सहयोग गर्ने नीति लिईनेछ ।

४- नगरक्षेत्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा चालु आ.व.मा कक्षा १ देखि क्रमश: अँग्रेजी माध्यमबाट पठनपाठन गर्न प्रोत्साहन र सहयोग गरिनेछ ।

५- नगरक्षेत्रका शैक्षिक संस्थाहरुको शैक्षिक गुणस्तर सुधारका कार्यक्रम संचालन गरी बालमैत्री विद्यालयको रुपमा विकास गरिनेछ। नगर भित्रमा सम्पूर्ण सामुदायिक विद्यालयहरु मध्ये ४ वटा विद्यालयलाई नमूना विद्यालय बनाउने नीति अवलम्बन गरिनेछ ।

६- नगरभित्र शिक्षा समिति, शिक्षा शाखाको क्षमता विकास गरी व्यवस्थित शिक्षा क्षेत्रको नियमनका लागी आधुनिक संचार प्रविधीको प्रयोग गरिनेछ।

७- मंगलसेन नगरपालिका भित्रका विद्यालयहरुको गुणस्तर वृद्धि गर्न तालिमको व्यवस्था, पुरस्कार र दण्डको नीति सहित आवश्यकता र मापदण्ड बमोजिम विद्यालयको नक्शांकनका आधारमा स्थापना र गाभ्ने नीति लिईनेछ।

८- सामुदायिक विद्यालयहरुको समग्र व्यवस्थापनका लागि विशेष खालका कार्यक्रम संचालन गरिनेछन।

९- यस नगर क्षेत्र भित्रमा SEE मा उत्कृष्ट अंक प्राप्त गर्ने एक छात्र एक छात्रालाई प्रोत्साहन र अध्ययनमा आवश्यक सहयोग गरिने छ ।

१०- **"सवैका लागि जीवनोपयोगी शिक्षा** " भन्ने नारालाई मूर्तरुप दिन बिभिन्न कार्यक्रमहरु संचालन गरिनेछन ।

११- **"आफु जहाँ आफ्ना तहाँ"** कार्यक्रम अन्तर्गत जनप्रतिनिधी, सरकारी तथा गै.स.स.मा कार्यरत कर्मचारीहरुका बालबालिकाहरुलाई सरकारी विद्यालयमा पठनपाठन गर्ने गराउने बातावरण सृजना गरिनेछ ।

१२- बालबालिकालाई विद्यालय भर्ना अभियान कार्यलाई प्रत्येक बर्ष अभियानको रुपमा अघाडी बढाईनेछ र बिचैमा विद्यालय छोड्ने कार्यलाई पहिचान गर्न आवश्यक संयन्त्रको व्यवस्था गरी सो कार्यलाई निरुत्साहित गरिनेछ ।

१३- सामुदायिक विद्यालय खोल्ने, मर्ज गर्ने, कक्षा वृद्धि गर्ने कोटा नक्शांकनको आधारमा गरिनेछ । संस्थागत विद्यालयको दर्ता, नवीकरण र अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ । नगरका सवै वालवालिकालाई आधारभूत तहसम्म शिक्षा उपलव्ध गराउने राष्ट्रिय नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१४- निरन्तर शिक्षा जीवन उपयोगी सिकाइ तथा महिला शिक्षामा जोड दिइनेछ ।

१५- गुणस्तरिय र नतिजामुलक शिक्षा बिकासका लागी नगरस्तरिय शिक्षा नियमन र सञ्चालका लागी नगरस्तरिय परीक्षा सञ्चालन तथा ब्यवस्थापन गरिनेछ ।

१६- सामुदायिक विद्यालयका माध्यामिक तहमा अध्यनरत छात्राहरुका लागि सेनेटरी प्याडको ब्यवस्था गरिनेछ ।

१७- आधारभूत तहको शिक्षामा स्थानीय भूगोल सम्पदा पहिचान आर्थिक, सामाजिक भाषा सँस्कृति तथा परम्परालाइ सम्वर्द्धन र जगेर्ना हुने गरि स्थानीय पाठ्यक्रम तयार गरी लागू गरिनेछ ।

१८- नगरक्षेत्रका सम्पुर्ण बालबालिकाहरुको शिक्षामा पहुँच सुनिश्चित गर्न अनिवार्य निशुल्क शिक्षाका लागी औचित्य र आवश्यकताको आधारमा विध्यालय अनुदानको ब्यवस्था गरिनेछ ।

१९- नगरक्षेत्र भित्रका प्रारम्भिक बालशिक्षा केन्द्रलाई उचित ब्यवस्थापन गरी नमुना वालविकास केन्द्र सञ्चालन गरिनेछ ।

२०- नगरक्षेत्र भित्रका सामुदायिक सिकाई केन्द्रको क्षमता बिकास गरिनेछ ।

२१- नगर क्षेत्र भित्र प्राविधिक शिक्षाको जनशक्ति विकासका लागी छात्रबृति कोषको स्थापना गरिने छ।

२२- प्रत्येक विद्यालयमा फूलवारी, करेसावारी स्थापना गरी विद्यालयको स्वच्छ वातावरण प्रवर्द्धन गरिनेछ ।

२३- नगर क्षेत्र भित्र नवप्रवेशी शिक्षकहरुलाई तालिमको व्यवस्था मिलाईनेछ ।

२४- बाल विकास केन्द्रको भौतिक अवस्था, बालबालिकाको अवस्था अध्ययन र विश्लेषण गरी बाल विकास केन्द्रको पुर्नवितरण गरिने व्यवस्था मिलाईनेछ ।

२५- सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात (STR) को आधारमा शिक्षक परिचालन (सरुवा) गर्ने नीति अपनाईनेछ ।

२६- नगर भित्रका सामुदायिक मध्ये उत्कृष्ठ नजिता ल्याउने विद्यालयलाई प्रोत्साहन स्वरुप पुरुस्कारको व्यवस्था गर्ने नीति लागु गरिनेछ ।

२७- सामुदायिक विद्यालयका बालबालिकाका अभिभावकलाई बालबालिका प्रति जिम्मेवार र उत्तरदायी बनाईनेछ ।

२८- सामुदायिक सिकाई केन्द्रलाई निरन्तरता तथा जीवनोपयोगी सीप कार्यमा संलग्न गराईनेछ ।

२९- विद्यालय व्यवस्थापन समितिलाई विद्यालय प्रति जवाफदेही हुन प्रेरित गरिनेछ ।

३०- शैक्षिक गुणस्तर सुधारका लागि सिकाई आदान प्रदान गर्न अन्तर विद्यालय भ्रमणको व्यवस्था मिलाईनेछ ।

३१- स्थानीय शैक्षिक सामाग्री निर्माण गरी शिक्षण सिकाईमा प्रयोग गर्ने शिक्षक र विद्यालयलाई प्रोत्साहन गरिनेछ ।

३२- विद्यार्थीको चौतर्फी विकासका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।

३३- व्यक्तिगत तथा विद्यालयको नियमित सरसफाई गर्ने नीति अपनाईनेछ ।

३४- HIV पिडित अभिभावक बच्चाहरु र दुबै बाबु आमा गुमाएका बच्चाहरुको शिक्षा तथा भरणपोषणको व्यवस्थाका गर्ने नीति अपनाईनेछ ।

### (२.२) स्वास्थ्य

१- प्रत्येक वडामा वडा स्वास्थ्य चौकी, स्थापना गरी स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

२- राष्ट्रीय र प्रादेशिक मापदण्ड अनुसार अस्पताल र निदान केन्द्र, नर्सीङ्ग होम तथा अन्य स्वास्थ्य संस्थाहरुको क्लिनिक दर्ता, संचालन अनुमती र नियमन गरिनेछ ।

३- नीजि अस्पताल, पोलिक्लिनिक तथा औषधी पसलहरुको लागि विज्ञ टोली बनाई नियमन अनुगमन र नियमन गरिनेछ ।

४- जेष्ठ नागरिकको नियमित स्वास्थ्य जाँच थप उपचारको लागि जिल्ला अस्पतालसँग समन्वय गरी वडा वडामा निशुल्क स्वास्थ्य शिवीर **(जनतासँग डाक्टर कार्यक्रम)** संचालन गरिनेछ ।

५- "एक घर एक करेशाबारी, पोषणयुक्त नगरबासी" भन्ने नारालाई सफल बनाउन बहुक्षेत्रीय पोषण योजनालाई लागु गरि नगरलाई पोषणयुक्त नगर बनाईनेछ ।

६- स्वास्थ्य जीवनशैली, पोषण, शारिरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य बृतीको पालना लगायतका स्वास्थ्य सेवाको प्रवर्द्धन गरिनेछ ।

७- आधारभुत स्वास्थ्य सेवालाई सबै नागरिकको सहज पँहुचयोग्य र गुणस्तरिय बनाउन अनुगमन, नियमन र ब्यवस्थापन गरिनेछ ।

८- स्थानिय जनता लाई जडीबुटी ब्यवसायीक खेती प्रती आर्कशित गराइ आत्मनिर्भर गराइने छ ।

९- गुणस्तरीय स्वास्थ्य सेवामा सवैको सहज पहुच हुनेगरी प्रभावकारी सेवा उपलब्ध गराइनेछ ।

१०- जनस्वास्थ्य आपतकालिन स्वास्थ्य, सर्ने तथा नसर्ने रोग एवं महामारीको नियन्त्रण योजना तयार गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

११- स्वास्थ्य र सरसफाई सम्वन्धी जनचेतना अभिबृद्धि गरी HIV/AIDS लागु पदार्थ ओसारपसार तथा दुर्व्यसनी नियन्त्रणका लागि बिभिन्न संस्थाको सहयोग, समन्वय र साझेदारी गर्ने नीति अवलम्वन गरिनेछ ।

१२- सामाजिक स्वास्थ्य बिमालाई थप प्रभावकारी बनाइनेछ ।

१३- स्तन तथा पाठेघर, क्यान्सर लगायत अन्य रोगहरु सम्बन्धि नीजि संघसंस्थासँग समन्वय गरी विभिन्न सचेतनामूलक कार्यक्रम र शिवीर संचालन गरिनेछ ।

१४- असाहय तथा अति विपन्न आमाहरुलाई आकस्मिक आमा सुरक्षा कोष स्थापना गरिनेछ ।

१५- नगर क्षेत्रका गर्भवती महिलाहरुलाई सुरक्षित प्रसुती सेवा प्रदान गर्ने उदेश्यले निःशुल्क एम्बुलेन्स सेवा संचालन गरिनेछ ।

१६- आयुर्वेद र योग शिक्षा मार्फत स्वस्थ नागरिक निर्माणका लागी पहल गरिनेछ ।

१७- स्वास्थ्य स्वयमसेविकाहरुको कामको उच्चतम मूल्यांकन गर्दै ६० बर्ष काटेकाहरुको हकमा सम्मान गरी बिदाई गरिनेछ र नयाँ स्वयमसेविकाको हकमा १० कक्षा उतिर्ण हुने व्यवस्था मिलाईनेछ ।

१८- स्वस्थ्य नगरवासी गाउँवासी अभियान, महिलासँग उपमेयर कार्यक्रम, सरकार प्रमुखसँग अभिभावक कार्यक्रम, जनप्रतिनिधिसँग बालबालिकासँग, स्वास्थ्य संस्थामा सरकार प्रमुख कार्यक्रम जस्ता महत्वकांक्षी र फलदायी कार्यक्रमहरु संचालन गरिनेछ ।

१९- सबै नगरवासीहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रभावकारी र सहज रुपमा पाउनको लागि स्वास्थ्य संस्थालाई मजबुत र सुविधा सम्पन्न बनाईनेछ ।

२०- पूर्ण खोप दिगोपनाको सुनिश्चितता प्रत्येक बर्ष र पूर्ण गर्भवती जाँच वडा, पूर्ण संस्थागत सुत्केरी सेवा वडा क्रमागत रुपमा घोषणा गरिनेछ ।

२१- दुर्गम वस्तीहरुमा सामुदायिक स्वास्थ्य केन्द्र र शहरी स्वास्थ्य क्लिनीक संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

२२- स्वास्थ्य संस्थालाई सबल सक्षम र जनउत्तरदायी बनाउन जनशक्ति व्यवस्थापन तालिम स्वास्थ्य संस्थालाई साधन स्रोत सम्पन्न गरिने छ ।

२३- जनतालाई निःशुल्क रुपमा दिदै आईरहेको ३५ प्रकारको औषधीहरु सबै स्वास्थ्य संस्थाबाट सहज रुपमा, सर्वसुलभ रुपमा उपलब्ध गराईनेछ ।

२४- स्वास्थ्य सम्बन्धि यस अघि गरिएका प्रतिवद्धतालाई निरन्तरता दिईने छ । जस्तै पूर्ण खोप, पूर्ण पोषणयुक्तका साथै क्रमागत रुपमा पूर्ण संस्थागत सुत्केरी, पूर्ण गर्भजाँच वार्ड घोषणा कार्यक्रम गरिनेछ ।

२५- हाल कार्यरत करार तर्फका कर्मचारीहरु मध्ये सन्तोषजनक र गुणस्तरीय कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई निरन्तरता दिईनेछ र अनिवार्य दायित्वलाई प्रथम प्राथमिकता दिई मात्र अन्य कार्यक्रम संचालन गरिनेछ ।

२६- विपद व्यवस्थापनको अग्रीम तयारीका साथ व्यवस्थापन गरिनेछ ।

२७- स्वास्थ्य संस्थाहरुको पूर्वाधार निर्माण, आवश्यक औजार, उपकरण, खानेपानी, शौचालय, खोपकेन्द्र भवन निर्माण, शहरी स्वास्थ्य तथा सामुदायिक स्वास्थ्य क्लिनिक क्रमागत रुपमा गरिनेछ ।

२८- स्वास्थ्य कर्मीहरुलाई आफ्नो कार्यमा दक्ष बनाउन विभिन्न किसिमका तालिमहरुको व्यवस्था गरिनेछ ।

२९- हाल जनस्वास्थ्य समस्याको रुपमा रहेका रोगहरुको नियन्त्रण र नियमनको लागि यस अघि नेपाल सरकारबाट संचालित कार्यक्रमलाई निरन्तरता दिईनेछ । जस्तैः क्षयरोग, कुष्ठरोग, HIV AIDS ।

### (२.३) खानेपानी तथा सरसफाई

१- **"हामी सबैको एउटै रहर, स्वच्छ सफा मंगलसेन नगर"** को अभियानलाई सार्थक तुल्याउन सरसफाई सम्बन्धि विशेष कार्यक्रमहरु अभियानको रुपमा संचालन गरिनेछ ।

२- बृक्षारोपन हरियाली तथा हरित क्षेत्रको विस्तारका लागि विशेष अभियान संचालन गरिनेछ ।

३- प्रत्येक वडाका सडक, खानेपानी, सिचाई, फोहर व्यवस्थापनका लागि बहुउद्देश्यीय ढल निर्माण तथा सम्भारका लागि स्थानीय टोल विकास समितिलाई सक्रिय तथा जिम्मेवार वनाईने र "एक घर एक धारा अभियान" लाई कार्यान्वयन गरिनेछ ।

४- सिसा बोतल र जथाभावी फोहरमैला गर्ने जोसुकैलाई कानुनको दायरामा ल्याइनेछ ।

५- नगरक्षेत्रमा प्लाष्टिकको प्रयोगलाई निरुत्साहन गर्ने नीति लिइनेछ ।

६- नगरक्षेत्र भित्रका खानेपानीका मुल लगाएताका प्राकृतिक सम्पदाहरुलाई संरक्षण र सम्बर्धन गरी सार्वजनिक उपयोग गर्ने र ब्यक्तिगत एकाधिकारलाई निरुत्साहित गरिनेछ ।

७- ल्याडफिल साइडलाइ ब्यबस्थित गरिने छ ।

८- नगर क्षेत्र भित्रका आवश्यक स्थानमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।

९- सदरमुकाम मंगलसेनको बजार क्षेत्रको खानेपानीलाई ब्यवस्थित गरिनेछ ।

१०- फोहरलाई उचित ब्यवस्थापन गर्दै पूर्ण सरसफाईयुक्त नगर घोषणा गर्ने कार्य अगाडि बढाईनेछ।

११- जमिनमुनीको पानिको स्रोत संरक्षणको लागी water vecharge system को ब्यबस्था गरिने छ जसको लागी पोखरी तथा कुवाहरुको संरक्षण र निर्माण कार्य गरिने छ ।

### (२.४) सँस्कृति प्रवर्द्धन

१- स्थानीय जात्रा तथा साँस्कृतिक पर्वहरुको उचित व्यवस्थापनको लागि आवश्यक कोषको व्यवस्था गरी नियमित रुपमा संचालन हुने व्यवस्था मिलाईनेछ ।

२- मंगलसेन नगरपालिका क्षेत्रभित्र मनाईने कला, सँस्कृति र स्थानीय चाँडपर्वलाई समयानुकुल व्यवस्थित रुपमा मनाउने, विकास र संरक्षण गरिनेछ।

३- साँस्कृतिक प्रवर्द्धन तथा विकासका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

४-नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाको नियमानुसार संरक्षण गर्ने नीति लिईने (जस्तो मन्दिर, माडु, गुठी, खुल्ला चौरहरु आदि)

५-साँस्कृतिक संरक्षित क्षेत्रको गुरुयोजना बनाई सो अनुसार विकास निर्माण एवं निजी आवास निर्माण समेत सोही अनुसार गर्न प्रोत्साहन गरिनेछ ।

**(२.५) युवा तथा खेलकुद**

१- खेलकुदको समुचित विकास गर्न नगर खेलकुद समिति निर्माण गरीने छ ।

२- विरोजगार यूवाका लागि मेयर रोजगार कार्यक्रमहरु संचालन गर्न आबश्यक व्यवस्था मिलाईने छ ।

३- नगर प्रमुख खेलकुद प्रतियोगिताहरु, अन्तर नगर स्तरीय खेलकुद प्रतियोगिताहरुको आयोजना गरिनेछ ।

४- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता दिने व्यवस्था मिलाईने छ ।

५- पुरानो कारागार रहेको स्थानको DPR तयार गरी उक्त स्थानमा खेलकुद मैदान र बहउद्देश्यीय कर्वडहल निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

६- नगरपालिका क्षेत्र भित्र उपयुक्त ठाउंको खोजी गरि क्रिकेट खेल मैदानको पुर्वाधार विकास गरिनेछ ।

**(२.६) लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण**

१- बर्षमा २ पटक प्रत्येक वडामा जेष्ठ नागरिकहरुका लागि सम्मान तथा एकिकृत स्वास्थ्य शिविर संचालन गरिनेछ ।

२- छुवाछुत मुक्त अभियानका कार्यक्रमहरु संचालन गरिने छ।

३- बालबालिकाहरुको सर्वाङ्गिण विकासका लागि प्रतियोगितात्मक, मनोरञ्नात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

४- महिनावारी ब्यवस्थापन अभियानलाई सफल पार्न चेतना र शिक्षाका माध्यमबाट सामाजिक अपराधको रुपमा लिई गोठमुक्त नगर निर्माणका लागि कार्यक्रम सचालन गरिनेछ।

५- फरक क्षमता भएका नागरिकहरुका लागि बिभिन्न कार्यक्रमहरु संचालन गरिनेछन ।

६- जेष्ठ नागरिकको पहिचान, सम्मान र व्यवस्थापनका लागि विकास साझेदारहरु समेतको सहयोगमा क्रमागत रुपमा जेष्ठ नागरिक विश्रामस्थल निर्माण गरिनेछ ।

७- मदिरा तथा सुर्तिजन्य पदार्थको विक्रीवितरणलाइ व्यवस्थापन गरिनेछ ।

८- बालविवाह उन्मुलनका लागी अभियान संचालन गरिने छ ।

९- जोखिमा रहेका बालबालिकाको संरक्षण प्रणालीको विकास गरिने छ ।

१०- सवै वडाको सामाजिक सुरक्षा भत्तालाई बैक मार्फत घर टोलमै वितरणको ब्यबस्था मिलाइने छ ।

११- हाम्रा बालबालिका हाम्रो भविष्य भन्ने मूल्य मान्यतालाई आत्मसाथ गर्दै बालमैत्री स्थानीय शासनलाई निरन्तरता दिई यस नगरपालिकाका वडाहरुलाई क्रमशः बालमैत्री गर्दै नगरपालिकालाई पूर्ण बालमैत्री नगर घोषणा गरिनेछ ।

१२- हिंसा पिडित महिला र बालबालिकाको लागि सुरक्षित गृह र आपतकालिन कोषको व्यवस्था गरिनेछ ।

१३- लैङ्गिक हिन्सामुक्त नगर घोषणाका लागि बिभिन्न नीति तथा कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ ।

१४- महिला, दलित, अल्पसंख्यक, फरक क्षमता भएका ब्यत्ति लगाएतका लक्षित वर्गको क्षमता बिकासका लागी सिपमुलक, आयमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५- महिला तथा बालबालिकाको लागि अन्तरजिल्ला रेखाङ्कन, अध्ययन, अवलोकन भ्रमण गर्ने व्यवस्था मिलाईनेछ ।

१६- "एक सिप एक ब्यक्ति टोल टोलका दक्ष जनशक्ति" कार्यक्रम अन्तर्गत युवाहरुलाई स्वरोजगार बनाउन टोलटोलमा वाइरिङ ,टेलरिङ, कपाल कटिङ, मोबाइल मर्मत, आरन, सिकर्मी ,डकर्मी लगाएतका तालीम कार्यक्रम सञ्चालन गरी युवाहरु लाई दक्ष र स्वरोजगार बनाइनेछ ।

१७- लैंगिक हिंसा मुक्तपालिका घोषणाका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

१८- पछाडी परेका ब्यक्ति तथा बादी समुदायको संरक्षणका लागी सिप र घरवासको कार्यक्रम सम्बन्धित निकायसंग समन्वय गरी सञ्चालन गरिनेछ ।

## <u>३) पूर्वाधार विकास</u>

**(३.१) स्थानीय सडक पुल तथा पुल**

१- नगरकेन्द्रबाट सबै वडाकेन्द्रमा सडक पुऱ्याउने, सडक पुगेका स्थानमा बाहै महिनामा सडक संचालन गर्ने र सडकको स्तरउन्नती गर्दै सवै टोल बस्तीहरुलाई सडक सञ्जालसँग जोडिनेछ ।

**२-** मगलसेन बजारको विद्युत तथा टेलीफोन तारहरुलाई व्यवस्थित गर्न सडक, विद्युत, खानेपानी, टेलीफोनको लागि एकीकृत योजना तयार गर्न लगाई व्यवस्थापन गरिनेछ ।

३- नगरका सबै वडा तथा टोलहरुमा विधुत र सञ्चार विस्तार गरिनेछ ।

४- नगर तथा ग्रामीण यातायातलाई व्यवस्थित बनाईनेछ साथै मापदण्ड तोकी रुट परमिटको व्यवस्था गरिनेछ ।

५- जनसहभागितामा आधारित विकास प्रक्रियाका लागि कम्तीमा ४० प्रतिशत जनसहभागिता रकम जम्मा गरी विकास गर्न चाहने उपभोक्ताहरुलाई ध्यानमा राखी सो अनुरुप समपुरक कोषबाट व्यवस्थापन गरिनेछ ।

६- सिमा जोडिएका पालिकालाई फाईदा पुग्ने खालका दुई वा दुई भन्दा पालिकाको साझेदारीमा संचालन हुने पूर्वाधार निर्माणका कार्यक्रमहरुलाई विशेष जोड दिईने छ । यसको लागि समपुरक कोषबाट व्यवस्था गरिनेछ ।

७- नगरपालिकाभित्र निर्माण हुने सडक, ढल, विद्यालय, पार्क, स्वास्थ्य चौकी , सामुदायिक भवन तथा नगर सूचना तथा अभिलेख केन्द्रहरुलाई नमूनाको रुपमा विकास गरिनेछ ।

८- वडा कार्यालयको भवन नभएको सवै वडाकेन्द्रमा नि:शुल्क जग्गा प्राप्तिका आधारमा क्रमश: वडा कार्यालयको भवन निर्माणको शुरुवात गरिनेछ ।

९- नगरक्षेत्र भित्रका पूर्वाधार निर्माण गर्दा नगरस्तरीय, प्रदेश र संघ स्तरीय योजना छनौट गरी कार्यान्वयन गर्न पहल गरिनेछ ।

१०- सानातिना भैपरीआउने पूर्वाधार निर्माण गर्नका लागि पूँजीगत बजेटबाट मर्मतसम्भार कोषमा रकम बिनियोजित गरिनेछ ।

११- यस नगरपालिकाले आगामी आ.व.मा सवै वडा केन्द्रहरुमा सडक संजाल जोड्ने र सडकसंजालसँग जोडिएका वडाहरुमा बाह्रै महिना सवारीसाधान चल्नसक्ने सडक (All weather Road) बनाउन मर्मत सम्भार कोष कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ ।

१२- हाल संचालनमा रहेका झोलुगेंपुलहरुको संरक्षण गरी नयाँ झोलुङ्गेपुलहरु आवश्यकता र सम्भाव्यताका आधारमा क्रमश: निर्माण गरिनेछन ।

**(३.२) सिचाई**

१- मंगलसेन नगरको खेतीयोग्य जमिनमा सिचाई सुविधाका लागि सम्भाव्यता र लागत लाभका आधारमा सिचाई कुलो निर्माण गरिनेछ ।

२- **"एक टोल एक सिंचाइ पोखरी, कृर्षि उत्पादनमा आत्म निर्भर र रोजगारी"** कार्यक्रमको थालनी गरिने छ ।

**(३.३) भवन तथा सहरी विकास**

१- नगरपालिकाको निर्माणाधिन भवन र वडा कार्यालयहरुको सेवागाही मैत्री भवन निर्माणको लागि आबश्यक बजेट विनियोजन गरि क्रमागत रुपमा निर्माण कार्यको शुरुवात गरिनेछ ।

२- मगलसेन नगरक्षेत्रमा चालु आर्थिक वर्ष देखि सहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२, राष्ट्रीय भवन संहिता र नगरपालिको भवन मापदण्ड २०७५ पालना गरि आवासीय, व्यापारी, सरकारी तथा गैरसरकारी संस्थाका भवन निर्माणमा मापदण्ड लागु गरिने छ ।

३- १००० जना अट्ने सभाहल निर्माणको लागि प्रदेश र सघिय सरकार सँग समन्वय गरि निमार्ण कार्य अगाडी बढाइनेछ ।

४- अनुगमन तथा मूल्याकन कार्यलाइ संस्थागत रुपमा प्रबन्ध गरी प्रभावकारी बनाइनेछ ।

५- नगर यातायात गुरुयोजना कार्यलाइ प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

६- तोकिएको मापदण्ड अनुसार न्यूनतम भन्दा बढी खुल्ला क्षेत्र राखी नगरपालिकाको शहरी इलाकामा घर निर्माण गर्ने व्यक्तिलाई प्रोत्साहान गर्न आबश्यक व्यवस्था मिलाइनेछ ।

७- भवन निर्माण कार्यमा संलग्न हुने निर्माण मजदुरहरुलाइ क्रमश तालिमको व्यवस्था गरी सूचिकृत गर्दै लगिनेछ ।

८- निजि क्षेत्रसँग सहकार्य गरि पार्किङ स्थलहरु निर्माण गर्न आबश्यक सहयोग उपलब्ध गराउने नीति लिइनेछ ।

९- सार्बजनिक र निजी जग्गा अतिक्रमणको अभिलेखाकंन गर्दै त्यस्ता क्षेत्रमा बनाइएका संरचना हटाउने र आबश्यक अनुसार अतिक्रमणको कार्य अगाडी बढाइनेछ ।

१०- वातावरणमैत्री सुरक्षित वसोवास स्थलको रुपमा विकास गरि नगरको भूगोल अनुसार व्यापारी, पौराणिक, धार्मीक, सास्कृतिक, ऐतिहासिक, पर्यटन विकास तथा कृषि लगायत सबै क्षेत्रलाइ व्यवस्थित नगरपालिकाको रुपमा विकास गर्ने स्मार्ट सिटीमा देहायका न्यूनतम विशेषताहरु पुरा गर्दै लगिनेछ ।

- सूचना तथा सचार प्रविधिको पूर्ण पहुच भएको
- निर्माण हुने पूर्वाधारहरु गुणस्तरीय भएको
- सुसाशान एबम् पारदर्शीता भएको
- जनमैत्री कार्य प्रणाली भएको
- सार्वजनिक यातायातको सहज पहुच
- वातावरणीय सन्तुलन कायम भएको
- सृजनात्मक गतिविधि भएको
- शिष्ट र सभ्य समाज भएको
- Digital City, Information, Virtual learning
- विद्यालय स्वास्थ्य संस्था प्राविधिक सिप सिकाइ सामुदायिक केन्द्र पुस्तकालय अनुसन्धान मूलक सस्थाहरु भएको
- पूर्ण साक्षर र पूर्ण सरसफाइ युक्त भएको
- खेलकुद तथा मनोरञ्जन स्थलहरु व्यवस्थित भएको
- वालमैत्री अपाङ्गमैत्री जेष्ठ नागरिकमैत्री पार्क भएको

.

**(३.४) उर्जा, लघु जलविद्युत तथा साना जलविद्युत (बैकल्पिक उर्जा)**

१- उज्यालो नगर निर्माणको लागि बैकल्पिक उर्जा, प्रदेश र संघिय सरकार सँग समन्वयमा बजार क्षेत्रको चोक गल्ली तथा १४ वटै वडाका टोल टोलमा सौर्य सडक बत्ती जडानको व्यवस्था मिलाइनेछ ।

२- सार्वजनिक चोक, मठ मन्दिर, विद्यालय, वडा कार्यालयहरुमा सैार्य बत्ती जडान गर्न प्राथमिकता दिइनेछ ।

३- लोडसेडिङलाई हटाउन तथा बिद्युत विक्री गरी नगरपालिकाको आम्दानी बृद्धि गर्नका लागि सम्भाव्यता अध्ययन गराई थप विद्युत उत्पादनका लागि लगानी गरिनेछ ।

४- नगरपालिका क्षेत्रको विद्युत नपुगेका दुर्गम स्थानहरुमा बैलक्पिक उर्जा मार्फत विद्युत विस्तारको कार्य अघाडी बढाईने छ ।

५- कैलाशखोला साना जलविद्युत केन्द्रको विद्युत सुचारुको व्यवस्थाका लागि सम्बन्धित निकायमा पहल गरी विद्युत आपूर्तिमा सहजता ल्याईनेछ ।

**(३.५) संचार**

१- मंगलसेन **नगर**क्षेत्र भित्रका सवै स्थानहरुमा टेलीफोन तथा वडा केन्द्रहरुमा ईन्टरनेट संचालनका लागि टेलीकम सेवा प्रदायकसँग समन्वय गरी टावर निर्माण तथा सेवा विस्तारका लागि पहल गरिनेछ ।

२- मंगलसेन नगर क्षेत्रमा रहेको विद्युतीय छापा र अनलाईनका संचार माध्यमहरुलाई प्रवद्धन गर्न विभिन्न कार्यक्रम संचालन गरिने छ ।

३- मगलसेन बजार, ठूलासैन बजार, सुवाँखाद बजार, धुराली लगायतका अन्य आबश्यक ठाउँमा निशुल्क इन्टरनेटको व्यवस्था गरिनेछ ।

४- मंगलसेन नगरपालिकाको मोवाइल एप्स निर्माण गरि कार्यान्वयनमा ल्याइने व्यवस्था मिलाईनेछ ।

५- पंञ्जिकरण सम्बन्धित घटना दर्ता अनलाइन मार्फत गरिने व्यवस्था मिलाईनेछ ।

६- नगर क्षेत्रमा रहेका सार्वजनिक स्थानहरुलाइ सूचनामैत्री व्यवस्था गरिने छ ।

७- डिजिटल सूचना बोर्डलाई थप प्रभावकारी बनाउन पहल गरिनेछ ।

८- मंगलसेन नगरपालिकाको प्रवेशद्वार कैलाशखोला, मंगलसेन, ठूलासैन र ठाटीखाँद बजारमा डिजिटल स्वागत गेटको निर्माण गरिनेछ ।

९- मंगलसेन नगरपालिकाको हटलाईन टेलिफोन सेवालाई थप प्रभावकारी बनाईनेछ ।

**(४) वातावरण तथा विपद् व्यवस्थापन**

**(४.१) वन तथा भू-संरक्षण**

१- शहरको सुन्दरता अभिबृद्धि र वातावरणमैत्री नगर निर्माण गर्न Green Mangalsen अभियान अन्तर्गत पार्क निर्माण, बृक्षारोपण, वातावरण तथा फोहोरमैला व्यवस्थापन, सम्पदा संरक्षण, प्लाष्टिक झोला न्यूनिकरण तथा जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

२- **सफा र हरियाली नगरपालिका** निर्माणका लागि हरित सडक निर्माण, अमृसो, डालेघांस, बाँस, निगालो रोपण अभियान सहित विभिन्न प्रजातीका विरुवाको बृक्षारोपण गरी वन जंगल संरक्षण **गर्ने** निती लिइने छ।

३- वातावरण संरक्षणका लागि सरोकारवाला निकायहरु सँग समन्वय गरी **"एक वडा, एक उद्धान"** कार्यक्रम संचालन गरिने छ।

४- नगरपालिका क्षेत्रभित्र संचालित ठूला आयोजनाहरुको निर्माणमा वातावरणीय प्रभाव मूल्याङ्कन अवलम्वन गर्दै लगिनेछ।

५- **एक व्यक्ति एक फलफूलको बिरुवा** अभियानलाई सार्थक तुल्याउन आवश्यक व्यवस्था मिलाईनेछ ।

६- सामुदायिक, निजी, धार्मिक र कवुलियति बनलाई कानून र मापदण्ड बनाई ब्यवस्थित गरिने छ ।

**(४.२.) जलाधार संरक्षण**

१- नगर क्षेत्रमा जलाधार संरक्षणको लागी संभाब्यता अध्ययन र आवश्यक नीति तर्जुमा गरिने छ ।

**(४.३) वातावरण संरक्षण**

१- वातावरण संरक्षणका लागी जलबायू परिवर्तन अनुकुलनका कार्यक्रम, वन तथा वातावरण संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।

२- सामुदायिक वन, कबुलियती वन, निजी वन धार्मिक वन, सामुदायिक संघ संस्था सवैलाइ नगरपालिकामा अनिवार्य दर्ता हुनु पर्ने ब्यवस्था गरिनेछ ।

**(४.४) फोहरमैला तथा ढल ब्यवस्थापन**

१- मंगलसेन बजार सहित हालका बजारहरुलाई क्रमश: सुधार गरी मापदण्ड बमोजिम सडक, ढल तथा नाला र खानेपानीका पाईपहरुलाई व्यवस्थित गरिनेछ ।

२- नयाँ बजार र नयाँ बस्ती विकासका लागि संम्भाब्यता अध्ययन गरि एकीकृत बस्ती विकासको कार्यक्रम संचालन गरिनेछ ।

३- मंगलसेन नगरपालिकाको बजार क्षेत्रबाट निस्कने फोहरबाट आधुनिक प्रविधि अपनाई बहुउपयोगी वनाउनका लागि सो सम्वन्धी अध्ययन गरी कार्य अगाडि बढाईने छ र सोही बमोजिम कार्यक्रम तर्जुमा गरी वैज्ञानिक ल्याण्डफिलसाईटको व्यवस्था गरिनेछ ।

**(४.५) जलउत्पन्न प्रकोप नियन्त्रण**

१- बाढी र पहिरोबाट धन जनको क्षति हुने क्षेत्रको पहिचान गरि क्षतिको न्यूनिकरणका कार्यहरु संचालन गरिने छ ।

**(४.६) विपद व्यवस्थापन**

१- नगरक्षेत्रभित्र हुने बाढी, पहिरो, आगलागी, भूकम्प, असिना, सुक्खाखडेरी जस्ता प्राकृतिक विपती र अन्य कृतिम विपत्तीबाट उद्धार गरी तुरुन्त राहत कार्य गर्न नगरपालिका, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाईटी, नेपाली सेनासँग समन्वय गरी तुरुन्त उद्धार, प्राथमिक राहत र दीर्घकालिन योजना बनाउन नगरस्तरीय विपद व्यवस्थापन योजना तर्जुमा गरिनेछ।

२- नगरपालिकाको मौजुदा बारुणयन्त्रलाई संचालनको लागि आवश्यक व्यवस्था मिलाउन पहल गरिनेछ ।

३- विपद ब्यबस्थापन कोषमा प्रयाप्त रकम विनियोजन तथा विपद कोष संचालन कार्यविधी बनाइ कोषलाइ प्रभावकारी ढंगवाट परिचालन गरिने छ ।

## (५) संस्थागत विकास, सेवा प्रबाह र सुशासन

### (५.१) सामान्य सेवा

१- नगरपालिका कार्यालय, वडा कार्यालय र विषयगत शाखा कार्यालयहरुको कर्मचारीहरुमा Chain of Command, सेवाग्राहीप्रति उत्तरदायी र निर्माण गरीएको कर्मचारी आचारसंहिता कडाइका साथ लागु गरिनेछ ।

२- नगरपालिकाको व्यवस्थित विकासको लागि सल्लाहकारी र विषयविज्ञ सल्लाह दिने र नगरक्षेत्रको समुचित विकास र समृद्ध मंगलसेन नगरका लागि आवश्यक जनशक्ति प्रचलित कानुन बमोजिम नियुक्ती तथा मनोनयन गरिनेछ ।

३- कर्मचारीहरुलाई नगरपालिकाले तयार गरेको क्षमता विकास योजना बमोजिम समय सापेक्ष विभिन्न तालिम कार्यक्रम संचालन गरिनेछ।

४- नगरपालिकाका शाखा प्रमुखहरुसँग कार्यसम्पादन करार गरी काम गर्ने कार्यको थालनी गरिनेछ।

५- कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन गरी उत्कृष्ठ काम गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्ने नीति लिईनेछ।

६- नगरसभा संचालन कार्यविधि २०७४ मा उल्लेखित मर्यादापालन सम्वन्धी विविध विषयहरुलाई कडाईकासाथ पालनामा जोड दिईनेछ ।

७- जननिर्वाचित प्रतिनिधीहरुका लागि तयार गरिएको आचारसंहितालाई लागु गरिनेछ्।

८- नगरकार्यपालिकाको बैठक संचालन सम्वन्धी कार्यविधिलाई पालनामा जोड दिईनेछ।

**९-** नगरक्षेत्रका दुर्गम बस्तीमा सम्बन्धित निकायसंग समन्वय गरि एकिकृत नगर घुम्ती सेवा मार्फत सहज सेवा प्रवाह गरिनेछ ।

### (५.२) सुरक्षा व्यवस्थापन

१- नेपाल प्रहरीसँगको समन्वय तथा सहकार्यमा नगरको मुख्य चोकहरुमा सिसिटिभि राख्ने व्यवस्था मिलाईनेछ ।

२- **"ज्यानको सुरक्षा, धनको रक्षा"** अभियान मार्फत मदिरा र सुर्तीजन्य पदार्थको नियमन गरिनेछ ।

३- मंगलसेन नगरपालिकामा शान्ती सुरक्षा र कानुनी नगरको रुपमा विकास गर्नको लागि नगर प्रहरी नियमावली बमोजिम नगर प्रहरी भर्ना गर्ने व्यवस्था मिलाईनेछ ।

४- नगरपालिकाको क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरुको समुचित संरक्षणको व्यवस्था गरिनेछ

**५- नगरका विभिन्न आवश्यक क्षेत्रहरुमा प्रहरी चौकीको स्थापनाका लागी पहल गरिनेछ ।**

### (५.३) सूचना प्रविधि

१- दुरसंचार प्रणालीलाई सवै वडामा सर्वसुलभ बनाउन पहल गरिनेछ। ICT(Information Communication Technology) प्रणालीलाई आधुनिक उपकरणको प्रयोग गरी क्रमश प्रत्येक नागरिकलाई सुसुचित गरिनेछ।

२- नगरपालिकाबाट संचालित विबिध कार्यक्रम, सेवा प्रबाहको अधिकतम सार्वजनिक गरी पारदर्शिता र जबाफदेहितामा अभिवृद्धि गरिनेछ।

३- सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभूति गर्न नगरपालिकाले आफ्ना गतिविधिहरुलाई विभिन्न माध्यमबाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ।

४- स्थानीय पत्रीका, एफ एम रेडियो मार्फत नगरका गतिविधिहरु आवश्यकता अनुसार प्रकाशन र प्रशारण गरिनेछ।

५- नगरपालिकामा नगर सुचना केन्द्र तथा अभिलेख अभिलेख केन्द्रको स्थापना गरी सुविधा सम्पन्न बनाईनेछ । खोजमुलक र अनुसन्धानमुलक पत्रकारितालाई प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

६- यस नगरपालिका क्षेत्रभित्र मनोरञ्नात्मक पार्क, उद्यान, पुस्तकालय, फोहरमैला व्यवस्थापन, हाटवजार संचालन जस्ता कार्यका लागि सार्वजनिक नीजी साझेदारी मोडलमा काम गर्ने परिपाटीको विकास गरिनेछ । यसका लागि उद्योग बाणिज्य संघ लगायत अन्य सरोकारवाला निकायसँग सहकार्य गरिनेछ।

### (५.४) पञ्जिकरण व्यवस्थापन

१- पञ्जिकरण कामहरुलाइ ब्यबस्थित गर्न कर्मचारीको ब्यबस्थापन स्रोत र साधनको उचित व्यवस्थापन गरिने छ।

**२- पञ्जीकरणका कामहरुलाई मोबाइल एप्लिकेशन मार्फत अनलाइनबाट सेवाप्रवाहको ब्यवस्था मिलाइनेछ ।**

३- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई वैकिङ प्रणालीमार्फत वितरणका लागि संघीय सरकारको नीति रहेकोमा उक्त नीतिले यस **नगरपालिकाका** सवै वडामा यातायातको सुविधा नरहेको कारण लाभान्वित वर्गले समस्या झेलीरहेको अवस्थामा उक्त कार्यलाई अझै थप सरल र सहज रुपमा वितरण गर्न बैक तथा वित्तीय संस्थासँग समन्वय गरी वितरण गर्ने नीति लिईनेछ।

**(५.५) स्थानीय तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन**

१- नगरपालिकाको संस्थागत क्षमता वृद्धिका लागि पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ।

२- मंगलसेन नगरपालिकाको पाश्वचित्र तयार भैसकेको र सोही बमोजिम पञ्चवर्षिय योजना र बिपद व्यवस्थापन योजना तर्जुमा गरी सोही बमोजिम कार्यान्वयन गरिनेछ।

३- १४ वटै वडा कार्यालयहरुमा कर्मचारी सहित व्यवस्थित अभिलेख व्यवस्थापन गरिनेछ ।

४- विपन्न तथा न्यून आय भएका नागरिक, फरक क्षमता भएका नागरिक, बालश्रमिक सडक बालबालिका, हिंसा पीडित महिला, अल्पसंख्यक जाती र द्वन्द पिडितको अभिलेख तयार पारि आवश्यक सम्वोधनका लागि पहल गरिने छ ।

**(५.६) सुशासन र प्रवर्द्धन**

१- नगरपालिकाको प्रशासनिक तथा साँगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्तदुरुस्त, विश्वसनियता, क्षमतायुक्त र प्रभावकारी बनाउदै अत्यावश्यक रिक्त पदहरुमा उपयुक्त प्रकृयाबाट पदपूर्ति गरिनेछ।

२- अनुगमन तथा मूल्यांकन पद्धतीका माध्यमबाट हरेक किसिमका सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाईनेछ ।

३- सवै कर्मचारीहरुको कार्यविवरण तयार गरी लागु गरिनेछ।

४- उत्कृष्ट काम गर्ने नगरपालिकाका कर्मचारी, करदाता, उपभोक्ता समिति, संचारकर्मी, टोल विकास समितिलाई पुरस्कृत गर्ने पद्धतीको विकास गरी यसलाई निरन्तरता दिईनेछ ।

५- गुनासो अभिलेख, उजुरी पेटीका, सुझाव पेटिका लगायतको व्यवस्थित रुपमा कार्यालयमा व्यवस्थापन गरी सोही आधारमा कार्य संचालन व्यवस्थापन गरिनेछ ।

६- कर्मचारी वृत्ती विकासको लागि समुचित अवसर प्रदान गरिनेछ ।

७- संचित कोषमा संकलित राजश्वलाई आवश्यकता तथा औचित्यताको आधारमा पूर्ण मितव्ययीतता अपनाई नगरवासीको उच्चतम हितमा प्रयोग गरिनेछ ।

८- नगरका गतिविधिहरु नगरवासी समक्ष पुर्याउन स्थानीय राजपत्र र नगर बुलेटिन प्रकाशनलाई नियमित र व्यवस्थित गर्दे लगिनेछ ।

९- मंगलसेन नरपालिकाको कार्यसम्पादन तथा कार्य विभाजन नियमावली २०७४ को पूर्ण पालानामा जोड दिईनेछ।

१०- सरकारी एवं गैरसरकारी क्षेत्रबाट नगरक्षेत्रमा संचालन गरिएका योजना तथा कार्यक्रमहरुको प्रभावकारी रुपमा संचालनका लागि नतिजामुखी अनुगमन मूल्याङ्कन प्रणाली विकास गरिनेछ ।

**(५.७) अनुसन्धान र विकास**

१- घर जग्गा अभिलेखीकरण र नक्सा पासलाई गर्ने कार्यलाई सवै बडाहरुमा विस्तार गरिनेछ ।

२- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई दैनिक कार्य सम्पादनमा सहजता ल्याउन आवश्यक तालिम तथा अवलोकन भ्रमणको प्रवन्ध गरिनेछ ।

३- मंगलसेन गौरबका ठुला आयोजनाहरुको संभाब्यता अध्ययन र लागत अनुमान तयार गरि नगरपालिकाको स्रोतले धान्ने आयोजना नगरपालिका आफैले कार्यान्वयन गर्ने र नगरपालिकाको स्रोतले धान्न नसक्ने आयोजना प्रदेश सरकार र केन्द्र सरकार संगको साझेदारीमा संचालन गरिने छ ।

**(५.९) वित्तिय व्यवस्थापन र सुशासन**

१. गत आ.व.को बेरुजु नियमित गर्नुपर्ने नियमित गरी असुल उपर गर्नुपर्ने खालका बेरुजुहरु सम्बन्धित व्यक्ति तथा संघ संस्थासँग नियमानुसार असुल उपर गरी बेरुजु शून्य सहनशिलताको नीति कार्यान्वयन गरिनेछ ।

२. **मैले तिरेको कर मेरै नगर विकासका लागि** भन्ने आम करदाताहरुलाई महशुस हुने गरी सेवा प्रवाह गरिनेछ । करको दायरमा नआएका करदाताहरुलाई करको दायरामा ल्याउने अभियान संचालन गरिनेछ ।

३. नियमित रुपमा सार्वजनिक सुनुवाईको आयोजना गर्ने र जनगुनासोको यथाशिघ्र सम्वोधन गर्ने व्यवस्था मिलाईनेछ ।

४. आगामी आर्थिक बर्षबाट आर्थिक दायित्व भुक्तानी चेकको माध्यमबाट नगरी सम्बन्धित पक्षको बैंक खाताबाट नै कारोबारो गर्ने व्यवस्था मिलाईनेछ ।

५. आर्थिक क्रियाकलापहरुको मासिक, चौमासिक र बार्षिक विवरणहरु सूचना पाटी Website साथै संचार माध्यमबाट सार्वजनिक गरिने व्यवस्था मिलाईनेछ ।

६. महालेखा परिक्षकको कार्यालयबाट निर्मित सुत्रमा आधारित लेखा प्रणालीलाई अवलम्बन गरिनेछ ।

७. मंगलसेन नगरपालिकाको लागि आवश्यक पर्ने तपशिल बमोजिमका कोषहरु निर्माण गरी कार्यविधि अनुसार संचालन गरिनेछ ।

**क)** समपुरक कोष

**ख)** आकस्मिक कोष

**ग)** विपद व्यवस्थापन तथा वातावरण कोष

**घ)** मर्मत सम्भार कोष

**ङ)** जनशक्ति विकास कोष

**च)** स्वास्थ्य उपचार विशेष कोष

**छ)** संस्कृति संरक्षण तथा प्रवर्द्धन कोष

**ज)** खेलकुद विकास कोष

**झ)** कर्मचारी कल्याण कोष

**ञ)** महिला बालबालिका तथा सामाजिक सुरक्षा बिशेष कोष

**(५.१०) अन्य**

१. आन्तरीक आयमा बृद्धि गर्नका लागी कर सम्बन्धी एकिकृत कानुन तर्जुमा गरि राजश्व सकलन सहज, सरल र दायरा फराकिलो बनाई सर्वसुलभ बनाउने र करदातामैत्री वातावरण तयार गरिनेछ।

२. आन्तरीक आय वृद्धि गर्नका लागि राजश्वका/करका बिभिन्न क्षेत्रहरुको पहिचान गरिनेछ।

३. राजश्व संकलन तथा करदाताको अभिलेख व्यवस्थित बनाईनेछ ।

४. फोहरमैला व्यवस्थापन बापत मंगलसेन नगरपालिकाको वडा न ५ को बजारक्षेत्रका प्रत्येक घरधुरी, संघसंस्था, कार्यालय, व्यापारिक पसललाई सरसफाई शुल्क लगाईनेछ।

५. टेलिफोन टावर, केवल लाईन र होडिङबोर्डमा प्रशारण हुने विज्ञापनमा कर लगाईनेछ।

६. एकीकृत सम्पत्तीकरलाई विस्तार गरी पूर्णरुपमा लागु गरिनेछ ।

७. करदातालाई कर तिर्न प्रोत्साहित गर्न निश्चित समयमा आवश्यक छुट तथा सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ ।

८. नगरपालिकाले विभिन्न क्षेत्रबाट प्राप्त गर्ने कर, शुल्क तथा दस्तुरहरुलाई प्रभावकारीरुपले संकलन गर्नका लागि सम्वन्धित सरोकारवाला निकायहरुसँग सहकार्य गरिनेछ।

९. लेखा, राजश्व र जिन्सी शाखालाई आधुनिकीकरण गर्दै सुदृढ र व्यवस्थित गर्दै लगिनेछ ।

## ६. मुख्य मुख्य आयोजना तथा क्रियाकलापहरु

- सडक कालोपत्रे तथा स्तरोन्नती
- सौर्य सडक बत्ती संचालन
- विरोजगार यूवाका लागि नगर प्रमुख रोजगार कार्यक्रम संचालन
- नगरपालिका तथा वडा कार्यालयहरुको भवन निर्माण
- प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन
- शैक्षिक संस्थाहरुको भवन निर्माण तथा मर्मत ।

- खोला तथा नदीबाट हुने कटान नियन्त्रण
- कृषि तथा पशु सम्बन्धि कार्यक्रम सञ्चालन
- पर्यटन विकासको लागि दिर्घकालिन गुरु योजना
- स्वास्थ्य संस्थाको पूर्वाधार निर्माण तथा स्वास्थ्य प्रवर्द्धन सम्बन्धि विविध कार्यक्रम संचालन
- युवा लक्षित विभिन्न खेलकुद प्रतियोगिता तथा रोजगारमूलक कार्यक्रम संचालन
- अन्य लक्षित वर्गको विकास तथा सशक्तिकरण सम्बन्धि कार्यक्रम संचालन
- खानेपानी व्यवस्थापन सम्बन्धि योजना संचालन
- सिचाईको लागि विविध कार्यक्रम
- स्मार्ट सिटीका आधारभूत पूर्वाधार तयार
- ल्याण्डफिल्ड साईट व्यवस्थापन
- नगर बस सेव संचालन
- नगरभित्रका सबै सार्वजनिक सम्पत्तीहरुको अभिलेखन गरी संरक्षण ।
- संस्कृति प्रवर्द्धन कार्यक्रम संचालन
- खानेपानी, ढल, सडक, कर्बडढल, पार्क, पर्यटन पूर्वाधारको गुरुयोजना निर्माण ।
- सुशासन, सेवाप्रवाह र संस्थागत विकास

**सभासद् ज्यूहरु,**

माथि उल्लेखित नीति तथा कार्यक्रमहरुलाई प्राथमिकताका साथ अगाडी बढाउन नगरपालिका कार्यालय प्रतिवद्ध भएको व्यहोरा अनुरोध गर्न चाहान्छु । सिमित श्रोतको उपलब्धताका कारण नगरवाँसिहरुको अपेक्षा अनुरुप पूर्ण रुपमा सम्बोधन गर्न नसकिएता पनि क्रमिक रुपमा सम्बोधन गर्दै जान सम्बन्धित सरोकारवाला निकायसँग समन्वय गरी नगरपालिका अगाडी बढ्दै जानेछ ।

**सभासद् ज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रमको पूर्ण विवरण सबैले अध्ययन गर्ने गरी अविलम्ब यस नगरपालिकाको वेवपेजमा अपलोड गरिनेछ । साथै नीति तथा कार्यक्रमको पूर्ण विवरण, नगर विकास योजना तर्जुमाका प्रस्तुत आधार तथा लिईएको नीतिहरुको विस्तारित खाका समेटिएको बार्षिक नगर विकास योजना पुस्तक यथाशिघ्र यहाँहरु समक्ष उपलब्ध गराईने व्यहोरा अनुरोध गर्दछु ।

आदरणीय नगरवासी दाजुभाई तथा दिदिबहिनीहरु, यस नगरले अव गुनासो गर्ने होईन उज्वल भविश्य देख्ने र उत्साहका साथ अगाडी बढ्ने समय आएको छ । हामी जुनसुकै राजनैतिक आस्थाको भएपनि नगरको विकास र यहाँको सम्बृद्धिको हकमा यो नगरसभामा कोही पक्ष र प्रतिपक्ष छैन । आजको यस नगरसभाबाट मंगलसेन नगरलाई हामी अछामकै उदाहरणीय नगर बनाई छाड्ने साझा संकल्प गरौं । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण नगरवासीहरुलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिवद्ध नेतृत्व प्रदान गरौं । साथै मंगलसेन नगरपालिकाले अघि सारेका प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन नेपाल सरकार, प्रदेश सरकार, गैर सरकारी क्षेत्र, नीजि क्षेत्र, नगरका कर्मचारीहरु र तमाम नगरवासीहरुमा हार्दिक अपिल गर्दछु ।

आदरणीय उपस्थित दाजुभाई तथा दिदिबहिनीहरु ।

बार्षिक नीति तथा कार्यक्रम तयार गर्ने सन्दर्भमा हामीले गरेको आग्रहलाई स्वीकार गरी बैठक तथा छलफलमा उपस्थित भई उल्लेखनीय सहयोग गर्नु हुने कार्यपालिका सदस्यज्यूहरू, शिक्षक, बुद्धिजिवीलाई विशेष धन्यवाद दिन चाहन्छु । यस नगरसभा सम्पन्न गर्न अहोरात्र कार्यमा खटिई सहयोग गर्नु हुने सम्पूर्ण कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहन्छु । यस प्रक्रियामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न रहनु हुने र हामीलाई रचनात्मक सुझाव र सल्लाह दिनुहुने सम्पूर्ण आदरणीय व्यक्तित्वहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्त्यमा,

हाम्रो निमन्त्रणालाई स्वीकार गरी प्रमुख अतिथिका रूपमा उपस्थित हुनुभई यस तेस्रो नगरसभाको उद्‌घाटन गरि दिनु हुने प्रमुख अतिथि,विशिष्ट अतिथि, राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरू, सम्पूर्ण कार्यालय प्रमुखज्यूहरू, सरकारी, निजी र गैरसरकारी क्षेत्रका लब्धप्रतिष्ठित आमन्त्रित अतिथिज्यूहरु, पत्रकारज्यूहरु लगायत नगरपालिका कार्यलयका सम्पूर्ण कर्मचारीहरुप्रति आभार तथा धन्यवाद व्यक्त गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनको निम्ति यहाँहरुबाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रूपमा लिएर मंगलसेन नगरपालिकालाई अगाडि बढ्ने विश्वास दिलाउदै कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरू सबैको सहयोग निरन्तर रहने अपेक्षा गरेकाछौं ।

**धन्यवाद**

**१० आषाढ २०७६**

..............
पदम बहादुर बोहरा
नगर प्रमुख